फोन नं. : ०३१–५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१

च.नं.

मितिः २०८०/०४/२५

विषयः हटिया ठेक्का सम्बन्धी दोस्रो पटक शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

प्रस्तुत् बिषयमा यस नगर कार्यपालिकाको मिति २०८०/०३/१८ गतेको प्रकाशित सूचना अनुसार तपसिलमा उल्लेखित हटिया ठेक्कामा कसैको पनि शिलबन्दी दरभाउपत्र नपरेकोले पूनः दोस्रो पटक तपसिलका शर्तहरुको अधीनमा रही ईच्छुक व्यक्ति/संस्थाहरुबाट रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वानको लागि यो ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.न. | हटियाहरुको नाम | ठेगाना | न्यूनतम कबोल अंक रु. | धरौटी रकम | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कंचिरा हटिया | खडक न.पा.३ | १८०००।- | १०००।- | मिति २०८१ अषाढ मसान्त सम्म | |
| २. | कल्याणपुर हटिया | खडक न.पा.७ | ३,००,०००।- | १५,०००।- | मिति २०८१ अषाढ मसान्त सम्म | |
| ३. | फुलेश्वरनाथको हटिया | खडक न.पा.१० | ७०,०००।- | ३५००।- | मिति २०८१ अषाढ मसान्त सम्म | |
| ४. | बनौली हटिया | खडक न.पा.११ | १८,०००।- | १०००।- | मिति २०८१ अषाढ मसान्त सम्म | |

नियम तथा शर्तहरु :

१) फारम दस्तुर रु. ५००।- (पछि फिर्ता नहुने गरी) राजश्व शाखामा नगद बुझाउनु पर्नेछ । फारम यस नगरपालिकाको प्रशासन शाखाबाट उपलब्ध हुनेछ।

२) सिलबन्दी दरभाउपत्र मिति २०८०/०४/३१ गते बुधबार कार्यालय समय भित्र दर्ता गराई सक्नु पर्नेछ ।

३) दरभाउपत्रमा कबोल रकम भर्दा अंक र अक्षर दुवैमा प्रष्ट लेखु पर्नेछ । दुवैमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

४) शिलबन्दी दरभाउपत्र मिति २०८०/०४/३२ गते बिहिवार समय दिनको २:०० बजे खोलिने छ ।शिलबन्दी दरभाउपत्र आवदेनकर्ता अनुपस्थित भएमा दरभाउपत्र खोलिन कुनै बाधा परेको मानिने छैन् ।

५) कवोल रकमको लागि तोकिएको न्युनतम दररेट भन्दा कम भएमा फारम स्वतः रद्द हुनेछ ।

६) एक ठेक्कामा कम्तीमा ३ जना व्यक्ति वा संस्थाको शिलबन्दी परेको हुनु पर्नेछ ।

७) शिलबन्दी दरभाउपत्र पेश गर्दा धरौटी रकम यस न.पा.को नाममा रहेको कृषि विकास बैंक, शाखा कल्याणपुरमा रहेको धरौटी खाता नं. ११०३७०१५०८००४०४७ मा नगद जम्मा गरेको सक्कल भौचर र नागरिकताको प्रतिलिपि संलग्न राखि पेश गर्नु पर्नेछ ।

८) ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र एकमुष्ट रकम जम्मा गर्नेलाई १० प्रतिशत छुट दिईनेछ । यदि एकमुष्ट रकम नबुझाएमा सम्झौता गर्न आउँदा पहिलो किस्ता ६० प्रतिशत नगद राजश्व शाखामा बुझाउनु पर्नेछ, र बाँकी ४० प्रतिशतको रकम मिति २०८१ श्रावण मसान्त सम्मको बैंक ग्यारेन्टी· अनिवार्य बुझाए पछि मात्र सम्झौता गरिनेछ ।

२०८०/४/२५

हेमन्त कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Email ID : khadakmunicipality@gmail.com, ito.khadakmun@gmail.com
WebSite : khadakmun.gov.np

फोन नं. : ०३१-५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,ससरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१

९) एकमुष्ट वा प्रथम किस्ता वापतको ६० प्रतिशत रकम ७ सात दिन भित्र बुझाई चलान पूर्जा लिनु पर्नेछ । नबुझाएमा नियमानुसार शिलबन्दी परेका अन्य व्यक्ति वा संस्थालाई ठेक्का दिईनेछ ।

१०) तोकिएको निर्धारित समय भित्र नियमित रुपमा किस्ता बुझाउनु पर्नेछ । नियमित रुपमा किस्ता नबुझाएमा चल/ अचल सम्पति रोक्का गरी असुल उपर गरिनेछ ।

११) नगरपालिकालाई बुझाउनु पर्ने बाँकी रकम, ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले बक्यौता रकम यस न.पा. मा नबुझाई दरभाउपत्र पेश गर्न पाईने छैन् ।

१२) कर पूर्जा अनिवार्य लागू गर्नु पर्नेछ र पूर्जा रसिद ठेकेदारले स्वयमले छपाउनु पर्नेछ ।

१३) कर वापत हटियामा जिन्सी सरसामानहरु उठाउन पाईने छैन् ।

१४) एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको शिलबन्दी फारम अर्को व्यक्तिको नाममा दाखिला गर्न पाईने छैन् ।

१५) दोस्रो पक्षले ठेक्का सम्वन्धी सम्झौतामा लेखिएको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकारको प्रचलित नियमानुसार गर्नु पर्नेछ ।

१६) ठेक्का स्वीकृत गर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।

..................
(हरेन्द्र कुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ :</u>
श्री सूचना प्रविधि शाखा:- नगरपालिकाको Website मा Upload गरिदिनु हुन ।

२०८०।८।२५

Email ID : khadakmunicipality@gmail.com, ito.khadakmun@gmail.com
WebSite : khadakmun.gov.np